# चन्द्र गुरुङका कवितामा डायस्पोरिक चेतना

**राजेश विद्रोही**

उपप्राध्यापक

नेपाली विभाग

महेन्द्र बहुमुखी क्याम्पस, धरान, त्रिभुवन विश्वविद्यालय, नेपाल

rajeshbidrohi@gmail.com

**https://doi.org/10.3126/dristikon.v14i1.66063**

## लेखसार

प्रस्तुत अध्ययन *जब एउटा मान्छे हराउँछ* कविता सङ्ग्रहमा सङ्कलित कविताहरूमा अभिव्यञ्जित डायस्पोरिक चेतनाको विश्लेषणमा केन्द्रित छ । यस अध्ययनमा *जब एउटा मान्छे हराउँछ*का कविताहरू र डायस्पोरिक चिन्तनको सम्बन्धलाई केलाइएको छ । यस सङ्ग्रहमा सङ्कलित कविताहरूमा मानवीय जीवनका विविध भावहरूको अभिव्यञ्जना पाइन्छ । यी कविताहरूमा प्रेम, घृणा, आँसु, हाँसो, विवशता, दु:ख, पीडा, सङ्घर्ष, सपना, जीवनका अप्ठ्यारा जस्ता पक्ष कथ्य बनेर आएका छन् । कतिपय कवितामा प्राकृतिक सौन्दर्यको चित्रण पनि सुन्दर ढङ्गबाट गरिएको छ । सङ्ग्रहका केही कवितामा भने डायस्पोरिक चेतनाको भावाभिव्यञ्जन पनि भएको पाइन्छ । विभिन्न कारणले आफ्नो मूल थलो अर्थात् जन्मभूमि छाडेर अन्य देशमा बस्न बाध्य नेपाली डायस्पोराको पीडालाई उनले आफ्ना कवितामा प्रस्तुत गरेका छन् । यसरी जन्मभूमिबाट टाढिन बाध्य नेपाली नागरिकका पीडालाई उजागर गर्ने यी कविताहरूले तिनका दु:ख, सङ्घर्ष, र विवशताका पीडालाई यथार्थपरक ढङ्गमा प्रस्तुत गरेका छन् । सामग्री सङ्कलनका क्रममा *जब एउटा मान्छे हराउँछ* कविता सङ्ग्रहलाई प्राथमिक स्रोतका रूपमा र कविताहरूबारे गरिएका समीक्षा-समालोचना र शोध प्रतिवेदनलाई द्वितीयक स्रोतका रूपमा लिएर डायस्पोरासम्बन्धी सिद्धान्तका आधारमा गुणात्मक विधिबाट कविताको विश्लेषण गरिएको छ ।

*शब्दकुञ्जी* : अतीत मोह, इच्छित, डायस्पोरा, पुर्ख्यौली भूमि, कर्मभूमि

## विषयपरिचय

कवि चन्द्र गुरुङको कवितासङ्ग्रह *जब एउटा मान्छे हराउँछ*का कवितामा अभिव्यञ्जित डायस्पोरिक भावको विश्लेषण गर्नु प्रस्तुत लेखको विषय हो । यसर्थ, यसमा कवि चन्द्र, *जब एउटा मान्छे हराउँछ* र डायस्पोरिक भाव विषय बनेर आएका छन् । कवि चन्द्रले नेपाली साहित्यमा आफ्नो परिचय बनाइसकेका छन् । उत्तरी गोरखाको साबिक मान्बु गाउँ पञ्चायत वडा नं. ६, माझगाउँमा जन्मिएका चन्द्रको कवितासँग प्रेम जीवनका आरम्भिक दिनहरूमै पलाएको थियो । उनका बाबा कुम्बसिंह भारतीय सेनामा भएका कारण उनले विद्यालय शिक्षा भारतमै प्राप्त गरे । त्यस बेला कक्षा ७ मा पढ्दा नै भारतको प्रसिद्ध अङ्ग्रेजी दैनिक 'इन्डियन एक्सप्रेस' को चण्डीगढ संस्करणमा 'चङ्गा' शीर्षकको उनको बालकविता छापिएको थियो । यसबाट पनि कवितासँग उनको प्रेम स्कुले जीवनमै सुरु भएको देखिन्छ तर त्यस बेला उनको यो प्रेमले खासै झ्याँगिने अवसर पाएन । कक्षा १२ सम्म भारतमै अध्ययन गरेका चन्द्र २२-२३ वर्षको उमेरतिर वि.सं. २०५५ मा काठमाडौँ आए । त्यति बेला उनको ध्यान कवितातर्फ गएन । २०६० सालतिर वैदेशिक रोजगारीका क्रममा साउदी अरब पुगेपछि भने उनको कविहृदय फक्रिन थालेको हो । पराई भूमिमा घर-परिवारबाट टाढा बस्दा आउने परिवार र मातृभूमिको

सम्झनाले उनलाई कवितालेखनतर्फ डोऱ्यायो । त्यति बेला लेखेका ३३ वटा कविताहरू सङ्कलन गरेर २०६३ मा उनले पहिलो कवितासङ्ग्रह *उसको मुटुभित्र देशको नक्सा नै थिएन* प्रकाशित गरे । दोस्रो सङ्ग्रह निकाल्न उनले हतार गरेनन् । कवि चन्द्रको दोस्रो कवितासङ्ग्रह भने अङ्ग्रेजी अनुवादका रूपमा *माई फादर्स फेस* (२०७७) प्रकाशित भयो । *जब एउटा मान्छे हराउँछ* (२०७९) उनको समग्रमा तेस्रो र नेपाली भाषाको दोस्रो कवितासङ्ग्रह हो ।

उनी सरल भाषामा कविता लेख्ने कवि हुन् । उनी नेपाली जनजीवनकै सरल विम्बहरू उनेर सुन्दर र मर्मस्पर्शी कविता लेख्न खप्पिस छन् । समीक्ष्य कृतिमा पनि उनका यस्तै सरल, सुन्दर र कलात्मक कविताहरू सङ्गृहीत छन् । प्रस्तुत कृतिमा सङ्कलित कविताहरूलाई तिनका विषयअनुसार जम्मा आठ खण्डमा बाँडिएको छ । कविताको भावअनुसार प्रत्येक खण्डलाई बेग्लै शीर्षक दिइएको छ । पहिलो खण्ड 'गीत गाइरहन्छ जीवन' मा ८, दोस्रो खण्ड 'भोक र नपुङ्सक सरकार' मा ९, तेस्रो खण्ड 'चराहरूले छोडेर गएपछि' मा ५, चौथो खण्ड 'यादको झरी' मा ५, पाँचौ खण्ड 'अचेल हामी भेट हुँदा' मा ६, छैटौँ खण्ड 'कवि र कविता' मा ४, सातौँ खण्ड 'पानी नचल्ने मान्छे' मा ५ र आठौँ खण्ड 'जब एउटा मान्छे हराउँछ' मा ७ गरी कृतिमा जम्मा ५० थान कविताहरू छन् । पाँचौँ खण्डमा एउटा कविता दोहोरिएको छ । 'बाको अनुहार' शीर्षक कविताबाट सुरु भएको सङ्ग्रह 'आमा' शीर्षकको कवितामा गएर टुङ्गिएको छ ।

चन्द्र प्रकृतिलाई आलम्बन बनाएर मानवका कविता लेख्छन् । उनका कविताका अधिकांश विम्बहरू प्रकृतिबाट टिपिएका छन् । उनले मानवीय जीवनका आशा-निराशा, हर्ष-बिस्मात, प्रेम-घृणा, आँसु-हाँसो, पीडा, विवशता, अधुरा रहर र सपनाहरूलाई कविताका विषय बनाएका भए पनि उनी मूलतः जीवनको गीत गाउने कवि हुन् । उनका कविताहरूमा देशप्रेम, राजनीतिमा देखिएका विकृति-विसङ्गति, विपन्न नेपालीहरूले भोग्नुपर्ने कष्टकर जीवन, नेपाली राजनीतिमा झ्याँगिएको सत्ता-स्वार्थजस्ता विषयहरू उनिएर आएका छन् । जटिल र दार्शनिक विचार पनि सरल भाषामा भन्न सक्नु उनको वैशिष्ट्य हो ।

जीवनका कठिनाइ, मानवीय प्रेम, संस्कृतिप्रतिको अनुराग र देशप्रेम पनि उनका कविताहरूमा मुखर भएर आएका छन् । यी कविताहरूमा नेपाली समाजकै जीवनशैली र भोगाइलाई चित्रण गरिएको छ । १२७ पृष्ठको यस कृतिमा विभिन्न भाव र विषयका कविताहरू सङ्गृहीत छन् ।

पछिल्ला केही दशकहरूमा विश्व साहित्यमा 'डायस्पोरा' शब्दको चर्चा-परिचर्चा बाक्लै मात्रामा हुने गरेको पाइन्छ । यसै क्रममा नेपाली साहित्यका सन्दर्भमा पनि यसको चर्चा हुन थालेको हो । डायस्पोरा (diaspora) ग्रिसेली भाषाबाट आएको शब्द हो । हिब्रु भाषामा यसलाई galut (निर्वासन) भनिन्छ । इसापूर्व ५८६ देखि ५८० सम्म करीब चार दशक प्यालेस्टाइन (वर्तमान इजरायल) का यहुदीहरूलाई दण्डस्वरूप बेबिलोनियामा गरिएको निर्वासनलाई बुझाउन पहिलोपल्ट डायस्पोरा शब्दको प्रयोग गरिएको हो । यसर्थ, डायस्पोराको मूल अर्थ 'यहुदी समुदायले प्यालेस्टाइनबाहिर निर्वासित जीवन बिताउनु' सँग गाँसिएको छ । ग्रिसेली dia र spiro शब्द मिलेर बनेको प्रस्तुत शब्दमा dia को अर्थ कुनै ठाउँबाट बाहिर (through, over) अनि (spiro) को अर्थ परिक्षेपण अथवा छरिने/छर्ने, हत्याउने, पठाउने काम भन्ने हुन्छ (भट्टराई, २०७६, पृ. १८५) ।

'यसका लागि निर्वासन (galut or exile) शब्दभन्दा राम्रो विकीर्ण अर्थ बुझाउने (dispersion) शब्दलाई मानिन्छ' (लुइटेल, सन् २००९, अनु. १) । निर्वासन (exile) शब्दले बलपूर्वक निकालिनुलाई बुझाउँछ भने विकीर्ण (dispersion) शब्दले 'बलपूर्वक नभई स्वेच्छाले संसारभरि फैलिनु' भन्ने अर्थबोध गराउँछ । ईपू ५८६ तिर भएको

सो निर्वासनपछि यहुदी समुदायका लगभग सबै व्यक्तिहरू प्यालेस्टाइनबाट निर्वासित भई बाहिर छरिन पुगे । प्रारम्भमा प्यालेस्टाइनबाट लखेटिएर बेबिलोनिया पुगेका यहुदीहरूका लागि प्रयोग गरिएको 'डायस्पोरा' शब्द अहिले जुनसुकै कारणले आफ्नो देश छाडेर विश्वका विभिन्न देशमा छरिन पुगेका सबै खाले राष्ट्रियताका लागि प्रयोग हुन थालेको छ ।

वर्तमान सन्दर्भमा डायस्पोरा शब्दको पुरानो अर्थमा परिवर्तन भएर यसको अर्थविस्तार भएको छ । हाल यसले विकीर्ण हुनु (dispersion), फिँजिनु (spreading) तथा छरिनु वा तितरबितर हुनु (scatteringg) भन्ने अर्थ दिन्छ । यस सन्दर्भमा डायस्पोरा भन्नाले अन्य राष्ट्र वा संस्कृतिमा फिँजिएर, फैलिएर वा छरिएर रहेको कुनै निश्चित राष्ट्र वा संस्कृतिका मानिसहरूको समूहलाई बुझिन्छ । कुनै कारणले आफ्नो मातृभूमिबाट अलग्गिएर टाढाको कुनै देशमा पुगेका नागरिकहरूको समूह नै डायस्पोरा हो । गौतम (२०६४) ले पनि 'एक ठाउँबाट सरेर टाढा गई यता र उता छरिएर बस्नुलाई डायस्पोरा भनिने' बताएका छन् (पृ. २८०) । उनले लेखेका छन्, 'यो देशीय (नेसनल), देशान्तर्गत (इन्ट्रानेसनल) भन्दा अन्तर्देशीय (इन्टर्नेसनल) तथा पारदेशीय (ट्रान्सनेसनल) नाम भएर चिनिएको छ' (गौतम, २०६४, पृ. २८०) ।

यसबाट के प्रस्ट हुन्छ भने प्रत्येक राष्ट्रको आफ्नो डायस्पोरा हुन्छ र त्यो डायस्पोरा मातृभूमिभन्दा टाढाटाढाका मुलुकमा छरिएर रहेको हुन्छ । अब यहुदीहरूको मात्र नभएर जुनसुकै राष्ट्रियताको पनि डायस्पोरा हुन्छ । गौतम (२०६४) ले डायस्पोराका तीन अर्थ प्रचलित रहेको उल्लेख गरेका छन् । उनका अनुसार ती तीन अर्थ - १) अन्यत्र गई बसोवास गर्ने मानिसहरू वा मानिसको समुदाय, २) त्यस्ता मान्छेको बस्ती वा बसोवास र ३) त्यसरी बसेको मान्छेको अवस्था तथा अनुभव (पृ.२८०) । यस सन्दर्भबाट प्रस्ट हुन्छ - आफ्नो देशबाट निर्वासित भई लामो समयदेखि विभिन्न मुलुकमा छरिएर रहेकाहरू नेपाली डायस्पोरा हुन् । वर्तमान समयमा विश्वका विभिन्न मुलुकमा नेपाली डायस्पोराहरू छरिएर रहेका छन् ।

गुणस्तरीय शिक्षा, रोजगारी, व्यवसाय वा सुविधासम्पन्न जीवनको खोजीमा विश्वका विभिन्न सम्पन्न देशमा पुग्नु वर्तमान समयमा स्वाभाविक प्रक्रिया भएको छ । खासगरी गरीब देशका नागरिकहरू शिक्षा, अवसर र सुविधाको खोजीमा सम्पन्न देशहरूमा पुग्ने गरेका छन् । उनीहरू नै फरक-फरक राष्ट्रियताका डायस्पोरा हुन् । तिनै डायस्पोराको जीवनमा आउने जटिलता र सङ्कट, अप्ठ्यारा तथा जीवन भोगाइहरूको चित्रणमा केन्द्रित साहित्यलाई 'डायस्पोरिक' भन्ने गरिएको छ ।

वर्तमान विश्वका प्रायः अविकसित मुलुकहरूबाट प्रवासी भई विकसित मुलुकहरूमा प्रवेश गर्ने क्रम तीव्र रूपमा बढ्दो छ । जुन ठाउँबाट जहाँ गएका छन्, त्यहीँको भाषा, संस्कृतिमा ती सब विलयन हुने क्रम पनि जारी छ । नेपालबाट पनि प्रशस्तै नेपालीहरू संसारका विभिन्न ठाउँमा विकीर्णन, विस्थापन वा निर्वासन भएका छन् । मातृभूमिबाट टाढा रहे पनि जाति र संस्कृतिका नाममा नेपाली वा आफ्नै राष्ट्रको भन्ने मानसिकता रहिरहन्छ तापनि तिनले रीतिथितिलगायत अरू सबै इच्छित भूमिको आत्मसात् गर्नुपर्ने हुन्छ । यस्तो स्थिति आउन निकै लामो समय लाग्छ, छोटो समयमा हुँदैन । यसर्थ मातृभूमि त्यागेर अन्यत्र गई छोटो समय वा अस्थायी बसोवास गर्नेलाई नभएर लामो समय वा स्थायी बसोवास गर्नेलाई मात्र डायस्पोरा मान्नुपर्ने लुइटेल (सन् २००९, अनु. ७) को भनाइ छ ।

अर्काको देशमा जतिसुकै सम्पन्न भएर बसे पनि आफ्नो मातृभूमि र आफन्तहरूप्रतिको सम्झना र सद्भाव स्मरणमा रहिरहने लुइटेल (सन् २००९, अनु. ८) ले उल्लेख गरेका छन् । गृहदेशमा तिनको नागरिकता वा नागरिकका हैसियतले प्राप्त गर्ने सम्पूर्ण अधिकार गुमिसकेको हुन्छ भने इच्छित भूमिमा केही मात्रामा त्यस्तो

अधिकार प्राप्त भएको वा नभएको स्थिति रहे पनि आत्मपहिचान वा परिचयको सङ्कट (crisis of identity) भने सदैव जीवित रहन्छ । यसरी मातृभूमि सम्झे पनि परिस्थितिवश इच्छित भूमिकै भाषा, संस्कृति, अपरिचय आदिसँग सङ्घर्षरत् रही बसोवास गर्दागर्दै त्यतै विलयन भएकालाई डायस्पोरा भनिन्छ ।

विभिन्न उद्देश्यले आफ्नो देश छाडेर जानेहरूका कारण अहिले विश्वका विभिन्न देशमा नेपाली डायस्पोरा पनि निर्माण भइरहेका छन् । तिनका सङ्घर्ष, जीवनका कठिनाइ, अपरिचयको सङ्कट, मानसिक द्वन्द्व आदिको चित्रण गरेर साहित्य सिर्जना गरिन थालेका छन् । "साहित्यमा सक्रिय यस्तै खालका लेखक र तिनले रचेका स्थान, पात्र, समस्या र दृष्टिकोणका प्रस्तुतिलाई समग्रमा 'डायस्पोरिक चेतना' भनिन्छ" (एटम, २०६७, पृ. ३२) । डायस्पोरिक साहित्यको विश्लेषणका लागि निम्न बुँदाहरूलाई आधार मान्न सकिने एटम (२०६७) ले उल्लेख गरेका छन् - १) पुर्ख्यौली भूमि र इच्छित भूमि, २) विभाजित मानसिकता, ३) अल्पसङ्ख्यक तथा सीमान्तीकृत हुनुको पीडा, परादेशीय हुनुको रोमाञ्च र चिन्ता, अस्तित्वबोधका लागि एकसूत्रताको खोजी तथा अतीतमोह (नोस्टाल्जिया) (पृ. ३२-३५) ।

**समस्या कथन**

चन्द्रका कविताहरूमा मानवीय जीवनका विविध भाव र अनुभूतिहरू विषय बनेर आएका छन् । नेपाली उत्पीडित समुदाय र तिनको संवेदना उनका कविताको केन्द्रीय विषय हो । यसबाहेक देशका आर्थिक, सांस्कृतिक, राजनीतिक आदि क्षेत्रमा फैलिएको प्रदूषणको चित्रण पनि कवितामा गरिएका छन् । देश छाड्न विवश नागरिक र तिनका परिवारको पीडा पनि विषय बनेर आएको छ । त्यसैले गृहभूमि त्यागेर टाढाको देशमा बस्न बाध्य नेपालीहरूको भावको खोजीलाई मूल समस्या मान्दै यस अध्ययनका समस्याहरूलाई बुँदागत रूपमा यस प्रकार प्रस्तुत गर्न सकिन्छ :

(क) *जब एउटा मान्छे हराउँछ* मा के कस्ता कविता छन् ?

(ख) *जब एउटा मान्छे हराउँछ*का कविताहरूमा डायस्पोरिक भावको अभिव्यञ्जन कसरी भएको छ ?

**शोधको उद्देश्य**

समस्या कथनमा उठाइएका प्रश्नहरूको समाधान खोज्नु नै प्रस्तुत अध्ययनको मूल उद्देश्य हो, जसलाई निम्नलिखित बुँदामा प्रस्तुत गरिएको छ :

(क) *जब एउटा मान्छे हराउँछ*को परिचय प्रस्तुत गर्नु,

(ख) *जब एउटा मान्छे हराउँछ*का कविताहरूमा अभिव्यञ्जित डायस्पोरिक भावको विश्लेषण गर्नु ।

**सीमाङ्कन**

प्रस्तुत अध्ययन चन्द्र गुरुङको कविता सङ्ग्रह *जब एउटा मान्छे हराउँछ*का कविताहरूमा अभिव्यक्त डायस्पोरिक भावको विश्लेषणमा केन्द्रित छ । *जब एउटा मान्छे हराउँछ*का कविताहरूमा अभिव्यक्त डायस्पोरिक भावको मात्र खोजी गर्नु यस अध्ययनको सीमा हो । यहाँ यसै सङ्ग्रहका कविताहरूमा अभिव्यञ्जित डायस्पोरिक भावको खोजी गरिएको छ । प्रस्तुत कविता सङ्ग्रहका कविताहरूमा चित्रित डायस्पोरिक भावलाई डायस्पोरासम्बन्धी सिद्धान्तका आधारमा मात्र विश्लेषण गरिएको छ । यो नै यस अध्ययनको सीमा हो ।

**पूर्वकार्यको समीक्षा**

पाखिन (२०७९) ले जब एउटा मान्छे हराउँछबारे हिमालखबरमा समीक्षात्मक टिप्पणी लेखेका छन् । उनले सङ्ग्रहमा खुशी, पीडा, प्रेम, प्रकृति, जीवनको जटिलता, मान्छेको ढोँगी प्रवृत्तिदेखि जातीय विभेद, देशप्रेम, देशमा व्याप्त विसङ्गति, विकृत राजनीतिलाई विषय बनाइएका कविताहरू भएको उल्लेख गरेका छन् (अनु. २) । सङ्ग्रहका कविताहरूमा हृदय पक्ष बोलेको उनले लेखेका छन् । 'भावनात्मकदेखि वैचारिक कवितासम्ममा फैलिएका कविले आजको जल्दोबल्दो मुद्दा पर्यावरणमाथि पनि लेख्दै मानवसिर्जित सङ्कटटबारे औँला उठाएका छन्' (पाखिन, २०७९, अनु. ३) ।

सिलवाल (२०७९) ले सङ्ग्रहभित्रका कविताहरूले हाम्रै समकालीन युगको प्रतिनिधित्व गरेको चर्चा गरेका छन् (अनु. ८) । पब्लिककुराडटकममा 'मान्छे भेटिएको सूचना' शीर्षकमा प्रकाशित समीक्षामा उनले चन्द्रका कविताहरू सामान्यझैँ लागे पनि गहिरिएर सोच्दा कविताभित्र समाजका कटु सत्य उजागर भएको पाइने उल्लेख गरेका छन् (अनु. १४) । 'चन्द्रका कविताहरूमा जीवनका गीतहरू भेटिन्छन् । आक्रोश पनि भेटिन्छ' (अनु. १६) । चराका कथा, झरीको सौन्दर्य, कवि र कविताका कुरा अनि मान्छेमा हुने जातीय विभेद पनि चन्द्रका कवितामा विषय बनेको सिलवालले लेखेका छन् (अनु. १६) । चन्द्र सरल भाषामा मिठो व्यङ्ग्यको घोल मिसाएर कविता सिङ्गार्न खप्पिस भएको उनको बुझाइ छ ।

श्रेष्ठ (२०७९) ले नागरिकन्युजमा 'हराएको मान्छेको उडान' शीर्षकमा एउटा समीक्षात्मक लेख लेखेका छन् । उनले सो लेखमा मातृभाषा, गीतहरूको गुञ्जन, काव्यिक यात्रा र यात्राका पथिक, चराहरूको स्निग्ध विश्वास र जँघार तारिदिने माझीका विम्बबाट चन्द्रले जीवनलाई उजागर गरेको उल्लेख गरेका छन् (अनु. २१) । उनको यस सङ्ग्रहमा धेरै त बागी कविता भेटिने उनले लेखेका छन् । '... पानीको मुसलधारे आगो, ईश्वरको हत्या, मृगतृष्णा जीवन, अधुरो गीत, छाडेर जाने चरा, बाँकी रहेको देश, हिमाल एक विधवा पोट्रेट जस्ता विम्बमार्फत् आफ्नो आक्रोशको अभिव्यक्ति दिन्छन्' (श्रेष्ठ, २०७९, अनु. २१) ।

तामाङ (२०७९) ले पनि अनलाइनखबरमा 'एउटा कवि हराउँदा भेटिएको सुन्दर कविताकृति' शीर्षकमा छोटो आलेख लेखेका छन् । तामाङले सो आलेखमा चन्द्र सरस-सरल कविताका लागि सुपरिचित कवि भएको चर्चा गरेका छन् । उनका कविताहरूले पाठकको मथिङ्गल नखाने तामाङ (२०७९) को विचार छ (अनु. २१) । आलेखको अन्त्यमा उनी लेख्छन्, 'सङ्ग्रहका सबै कविता आ-आफ्ना अर्थको गहिराइसम्मै सरस-सरल छन् । पछिल्ला केही दशकयता लाखौँ नेपाली परिवारले भोगिरहेका पीडालाई चन्द्रले काव्यिक वाणी दिएका छन्' (तामाङ, २०७९, अनु. २१) ।

यसरी विभिन्न अध्येता र समालोचकहरूले कवि चन्द्रको कविताकृति *जब एउटा मान्छे हराउँछ*का कविताहरूबारे विभिन्न कोणबाट चर्चा गरेका छन् । माथि प्रस्तुत समीक्षा र टिप्पणीबाहेक पनि विभिन्न समालोचकहरूले कवि चन्द्रका कविताहरूबारे समीक्षात्मक चर्चा गरेको पाइन्छ, तर यी कवितामा अभिव्यञ्जित डायस्पोरिक चेतनामै केन्द्रित भएर भने कसैले अध्ययन गरेको देखिँदैन । त्यसैले यहाँ *जब एउटा मान्छे हराउँछ*का कविताहरूको अध्ययन डायस्पोरिक चेतनाको सन्दर्भमा गरिएको छ । अतः डायस्पोरिक साहित्यको सैद्धान्तिक मूल्यका आधारमा कृतिको अध्ययन गरी कृतिमा डायस्पोरिक चेतना र भाव कसरी र कुन रूपमा प्रस्तुत भएका छन् भन्ने विषयमा अध्ययन गर्नु आवश्यक भएको छ ।

## शोधसामग्री तथा अध्ययन विधि

### सामग्री सङ्कलन विधि

उल्लिखित उद्देश्यहरूको प्राप्तिका लागि यस अध्ययनमा प्राथमिक र द्वितीयक दुवै स्रोतहरूबाट सामग्री सङ्कलन गरिएको छ । प्राथमिक स्रोतका रूपमा कवि चन्द्रका कविताहरूको सङ्कलन *जब एउटा मान्छे हराउँछ*लाई लिइएको छ । द्वितीयक सामग्रीका रूपमा सम्बन्धित विषयमा लेखिएका विभिन्न ग्रन्थ, अनुसन्धानमूलक लेखहरूको सङ्कलन, लेख, अनुसन्धान प्रतिवेदन आदिलाई लिइएको छ ।

### सामग्री विश्लेषण विधि

यसरी विभिन्न स्रोतबाट सामग्री सङ्कलन गरी गुणात्मक विधिबाट व्याख्या, वर्णन र विश्लेषण गरी निष्कर्षमा पुगिएको छ । यस अध्ययनमा यी विभिन्न स्रोतबाट सङ्कलित सामग्रीलाई 'डायस्पोरिक साहित्य' सम्बन्धी सिद्धान्तको प्रयोग गरी व्याख्या र विश्लेषण गरिएको छ । मानिसको बसाइँ सराइ नयाँ विषय होइन । विभिन्न कारणले प्राचीन कालदेखि नै मानिसले बसाइँ सराइ गर्ने गरेको पाइन्छ । प्राचीन कालमा मानिसहरू प्राकृतिक तथा सामाजिक कारणले आफू बसेको स्थान छाडेर नयाँ स्थानमा जाने गर्थे । बाढी-पहिरो, अतिवृष्टि-अनावृष्टि, भूकम्प, अनिकालजस्ता प्राकृतिक कारण तथा युद्ध एवम् धार्मिक, राजनीतिक स्वतन्त्रताजस्ता कारणले प्राचीन कालमा मानिसहरू आफ्नो गृहभूमि परित्याग गरेर नयाँ भूमिमा जान बाध्य हुन्थे । आज गृहभूमि परित्याग गर्नुपर्ने कारणहरू थपिएका छन् । गुणस्तरीय शिक्षा, रोजगारीका अवसर, सुविधा सम्पन्न जीवन, व्यापार आदिको खोजीमा आजका मानिसहरू आफ्नो गृहभूमि परित्याग गरेर नयाँ भूमिमा स्थापित हुने क्रम बढेको छ । यसरी विभिन्न कारणले आफ्नो गृहभूमि परित्याग गरेर इच्छित भूमिमा पुगी परिचय-सङ्कट, सन्त्रास, पीडाजस्ता परिस्थितिसँग जुधिरहेको समुदायलाई 'डायस्पोरा' भन्ने गरिएको छ । स्थान, संस्कृति, आत्मीयताबाट विच्छिन्न अवस्थामा हुने सन्त्रास, पीडा र परिचय-सङ्कट डायस्पोराको तात्पर्य भएको एटम (२०६७, पृ.२९) ले उल्लेख गरेका छन् ।

कुनै पनि कारणले आफ्नो गृहभूमि त्यागेर इच्छित (गन्तव्य) भूमिमा बसेका नागरिकहरूको समूहलाई डायस्पोरा भनिन्छ । अहिले नेपाली डायस्पोरा पनि विश्वका विभिन्न देशमा निर्माण हुँदैछन् । तिनै डायस्पोरामा बसिरहेका साहित्यकारहरूले लेखेका नेपाली साहित्यमा पनि डायस्पोरिक चेतना अभिव्यक्त हुन थालेका छन् । यस्ता साहित्यमा पात्रहरू घरदेश अर्थात् पुर्ख्यौली भूमि त्यागेर जीवन निर्वाहका लागि गन्तव्य भूमिमा पुगेका हुन्छन् । तिनै पात्रहरूको मानसिक अवस्थाको चित्रण यस्ता कृति वा रचनाको मुख्य उद्देश्य हुन्छ । यस्ता रचनामा घरदेश त्यागेर इच्छित भूमिमा पुगेका पात्रहरूको विभाजित मानसिकता, उनीहरूमा सिर्जना भएको परिचय-सङ्कट र त्यस कारणले पात्रमा उत्पन्न भय, सन्त्रास र पीडाको चित्रण गरिएको हुन्छ । त्यस्ता पात्रमा हुने अतीतमोह, अल्पसङ्ख्यक तथा सीमान्तीकृत हुनुको पीडा, परादेशीय हुनुको रोमाञ्च र चिन्ता, अस्तित्वबोधका लागि एकसूत्रताको खोजीजस्ता विषय पनि यस्ता रचनामा आएका हुन्छन् ।

## परिणाम तथा छलफल

पछिल्ला वर्षहरूमा नेपाली साहित्यमा पनि डायस्पोरिक चेतनाको अभिव्यक्ति हुन थालेका छन् । अहिले विभिन्न देशमा नेपाली डायस्पोरा फैलिरहेको छ । विदेशी भूमिमा नेपाली डायस्पोरा वृद्धि हुने क्रमसँगै डायस्पोरिक चेतना अभिव्यञ्जित नेपाली साहित्यको रचनाको क्रम पनि बढ्न थालेको हो । *जब एउटा मान्छे हराउँछ* एउटा यस्तै कृति हो । यसभित्र सङ्गृहीत केही कवितामा डायस्पोरिक चेतनाको अभिव्यञ्जना पाइन्छ ।

*जब एउटा मान्छे हराउँछ* कवि चन्द्रको तेस्रो कविता सङ्ग्रह हो । यसमा सङ्कलित कविताहरूमा उनले मानवीय जीवनका विविध भाव, जीवनमा आउने सङ्कट, संस्कृति प्रेम र प्रेमिल भावहरूलाई विषय बनाएका छन् । सङ्ग्रहलाई आठ खण्डमा विभाजन गरिएको छ । कविताको भावअनुसार प्रत्येक खण्डलाई बेग्लै शीर्षक दिइएको छ । पहिलो खण्ड 'गीत गाइरहन्छ जीवन' मा ८, दोस्रो खण्ड 'भोक र नपुङ्सक सरकार' मा ९, तेस्रो खण्ड 'चराहरूले छोडेर गएपछि' मा ५, चौथो खण्ड 'यादको झरी' मा ५, पाँचौं खण्ड 'अचेल हामी भेट हुँदा' मा ६, छैटौं खण्ड 'कवि र कविता' मा ४, सातौं खण्ड 'पानी नचल्ने मान्छे' मा ५ र आठौं खण्ड 'जब एउटा मान्छे हराउँछ' मा ७ गरी कृतिमा जम्मा ५० थान कविताहरू छन् । पाँचौं खण्डमा एउटा कविता दोहोरिएको छ ।

यस सङ्ग्रहमा कवि चन्द्रले आफ्नो जन्मभूमि छाडेर विदेशी भूमिमा पसिना बगाउन बाध्य नागरिकहरूप्रति दुईवटा खण्ड नै समर्पित गरेका छन् । विदेशी भूमिमा सपना फुलाइरहेका नेपालीहरूका सम्झनामा सिर्जित कविताहरू उनले 'चराहरूले छोडेर गएपछि' र 'जब एउटा मान्छे हराउँछ' खण्डमा राखेका छन् । खण्डका शीर्षकहरूले नै भन्छन्- यी खण्डहरू छाडिजानेका सम्झनामा समर्पित छन् । यिनै खण्डका केही कवितामा डायस्पोरिक चेतना अभिव्यञ्जित भएको छ । डायस्पोरिक रचनामा डायस्पोरिक पात्रमा व्याप्त अतीतमोह, विभाजित मानसिकता तथा परिचय-सङ्कटको भाव र चिन्ता प्रकट भएको हुन्छ । सैद्धान्तिक रूपमा डायस्पोरिक कृतिको समालोचनामा डायस्पोरामा व्याप्त चिन्ता, सन्त्रास, भय र पीडाजस्ता भावहरूको व्याख्या गरिन्छ । *जब एउटा मान्छे हराउँछ*मा भने पराई भूमिमा बसोवास गर्ने नागरिकहरूको पीडा र चिन्तासँगै उनीहरूको सम्झनामा व्यथित हृदयको भावलाई पनि काव्यिक स्वर दिइएको छ । यहाँ *जब एउटा मान्छे हराउँछ*का कवितामा अभिव्यञ्जित डायस्पोरिक भावको मात्र चर्चा गरिएको छ ।

**अतीतमोह**

डायस्पोरिक पात्रहरू पितृभूमिको सम्झनामा रमाउने गर्छन् । त्यसैले उनीहरूमा पाइने एउटा मुख्य भाव अतीतमोह हो । 'डायस्पोराको जीवनका लागि वर्तमान दुःखदायी, भविष्य कहालीलाग्दो र अतीत स्वप्नवत् हुनाले आनन्दमय हुन्छ' (एटम, २०६७, पृ. ३५) । यस्ता पात्रहरू इच्छित भूमिको व्यस्त जीवनमा पनि आफ्ना बाल्यकालीन खेलकुद, पुर्ख्यौली घर, बालसखा तथा कतिपय सांस्कृतिक उत्सव र महोत्सवहरू सम्झिएर आनन्दित हुने गर्छन् । वास्तवमा इच्छित भूमिमा आनन्दको मुख्य स्रोत नै अतीतमोह हुने गर्छ । अतीतका यिनै सुन्दर यादहरूको सहारामा उनीहरूले आफ्ना दिन बिताउने गर्छन् ।

*जब एउटा मान्छे हराउँछ*मा सङ्कलित केही कवितामा यस्तै भाव अभिव्यञ्जित भएको पाइन्छ । इच्छित भूमिमा भौतिक सुखसुविधा उपलब्ध भए पनि आत्मीय प्रेम भने घरदेशमै छुटेको भाव 'परदेश-२' मा अभिव्यञ्जित भएको छ । कविताको एक अंश :

*साथी !*
*सबथोक छ परदेशमा-*
*उमङ्ग*
*मुस्कान*
*हाँसो*
*सुख*
*मात्रै छुटेको छ*

*यी सब जतनपूर्वक सम्हाल्ने मुटु*
*उतै घरदेशमा !* (पृ. १०८-१०९)

प्रस्तुत कवितांशमा सुखी जीवनका लागि आवश्यक सबै भौतिक सुविधा परदेशमा उपलब्ध भए पनि यी सबैलाई उपभोग गर्ने परिवार र आफन्तहरू घरदेशमै छुटेकामा कवि दुःखी भएका छन् । प्रस्तुत कवितामा जन्मभूमिप्रतिको प्रेमले पनि काव्यिक अभिव्यक्ति पाएको छ । यी पङ्क्तिहरूमा अतीतमोह, जन्मभूमिप्रतिको स्नेह तथा परिवारको स्मृति लुकेको छ । भौतिक सुविधा मात्र जीवनको सम्पूर्णता होइन भन्ने भाव यी पङ्क्तिहरूमा अन्तर्गर्भित छ । कुनै कारणबश गृहभूमिबाट टाढा जानु पर्दा जन्मभूमिको सम्झनाले अझ बढी सताउँछ । प्रस्तुत कवितांशमा यही भाव प्रकट भएको छ ।

समीक्ष्य सङ्ग्रहकै अर्को कविता 'माटोको माया' पनि यस्तै भाव अभिव्यञ्जित भएको छ । मान्छे आफ्नो जन्मभूमिबाट जति नै टाढा भए पनि उसले आफ्नो भाषा, धर्म र संस्कृतिलाई बिर्सन सक्दैन । गृहभूमिलाई त्यागेर पराई भूमिमा जान बाध्य भए पनि मान्छेले आफ्नो बाल्यकालीन स्मृतिलाई बिर्सन सक्दैन । हेरौँ, एउटा कवितांश :

*जीवनबाटै उखालिँदा पनि*
*यी बिरुवाहरूले अँगालेका हुन्छन्*
*जरामा केही थुप्रो माटो ।* (पृ.५१)

प्रस्तुत कवितामा बालक हुर्किँदै गएपछि उसमा सुखी जीवनका रहरहरू पलाउँदै जाने उल्लेख छ । समयसँगै उसमा रङ्गीन सपनाहरू झ्याङ्गिँदै जाने तर स्वदेशमा आफ्ना रहर र सपनाहरू पूरा हुने अवस्था नदेखेपछि ऊ मुटु मिचेर परदेश जान विवश हुने भाव कवितामा अभिव्यक्त भएको छ । कवितामा गृहभूमि छाड्नुलाई 'जीवनबाटै उखालिनु' को अर्थमा प्रस्तुत गरिएको छ । यसरी जीवनबाटै उखालिएको अवस्थामा पनि मानिसले आफ्नो 'माटो' अर्थात् मातृभूमिप्रतिको श्रद्धालाई हृदयमा सङ्गालेर राख्ने भाव कवितांशमा प्रस्तुत छ । यही नै अतीतमोह हो । हरेक डायस्पोरिक पात्रमा यो विशेषता पाइन्छ ।

**विभाजित मानसिकता**

डायस्पोरामा बस्ने पात्रको अर्को महत्त्वपूर्ण विशेषता विभाजित मानसिकता हो । उनीहरू मानसिक रूपमा विभाजित हुन्छन् । मानसिक रूपमा गृहभूमि र इच्छित भूमिमा बाँडिनु उनीहरूको विशेषता हो । डायस्पोरामा बस्नेहरूले न इच्छित भूमिलाई अपनाउन सकेका हुन्छन्, न त गृहभूमिमै फर्किन सक्छन् । उनीहरू गृहभूमि र इच्छित भूमिमा विभाजित हुन्छन् । '...इच्छित भूमिलाई उसले आत्मीय ठान्न सक्दैन र पुर्ख्यौली भूमि उसले छोडिसकेको हुन्छ । यसबाट उसलाई बेलाबेला मातृदोहको गल्तीबोध पनि हुन्छ र अर्कातिर स्थापित हुन चाहेको भूमिमै सङ्घर्ष गर्न सकेकोमा आत्मसन्तुष्टि मिल्छ' (एटम, २०६७, पृ.३३) ।

डायस्पोरिक रचनामा पात्रहरूको यस्तै मानसिक अवस्थाको चित्रण गरिएको हुन्छ । डायस्पोरिक रचनामा प्रयुक्त पात्रहरू यस्तै विभाजित मानसिकतामा बाँचेका हुन्छन् । *जब एउटा मान्छे हराउँछ*मा सङ्गृहीत कविता 'परदेश-३' मा पनि यस्तै विभाजित मानसिक अवस्थाको चित्रण गरिएको छ । जीवनका आधारभूत आवश्यकता पूरा गर्न विदेशी भूमिमा पुगेको एउटा नेपाली नागरिकको विभाजित मानसिकताको चित्रण प्रस्तुत कवितामा निकै प्रभावी शैलीमा गरिएको छ । हेरौँ, एउटा कवितांश :

*परदेशमा*
*कहिलेकाहीँ जीवन अप्ठ्यारो उभिदिन्छ*

*भिडियोमा बच्चाहरूको हाँसो*
*र मुस्कानले पोल्छ*
*दिनहरू कालो बादलले नरमाइलो ढाकिन्छन्*
*कतै शान्त बस्दैन मनको चरी ।* (पृ.११०)

प्रस्तुत कवितांशमा तन परदेशमा भए पनि मन भने घरदेशमै पुग्ने अवस्थाको चित्रण गरिएको छ । सूचना प्रविधिको प्रयोग गरेर घरदेशमा भएका आफ्ना सन्तानको अनुहार देख्दा आफ्नो हृदयमा हुने छट्पटीलाई काव्यिक अभिव्यक्ति दिइएको छ । चाडपर्व र भेटघाटको रमाइलोसँगै आमाको चस्मा फुटेको र बुबाको दम बढेको खबरले मन अशान्त हुने परिस्थितिको वर्णन कवितामा गरिएको छ । यसै कविताको अर्को अंश :

*यी सब दिमागको पृथ्वीमा घुमिरहन्छन्*
*गज्जब छ उपाय तर*
*ऊ निस्किन्छ मुस्कुराउँदै*
*पाखुरीमा एउटा नयाँ दिन बोक्न ।* (पृ.११०)

प्रस्तुत कवितांशमा विभाजित मानसिकता प्रकट भएको छ । मन मस्तिष्कमा घरदेशका सम्झना घुमिरहे पनि परदेशको यथार्थसँग सामना गर्नैपर्ने अवस्था यहाँ वर्णित छ । मनभरि आफ्ना सन्तान र आफन्तहरूका सम्झनाले लुकामारी खेलिरहे पनि ती सबैलाई सम्झिएर बसिरहन नपाइने र काममा जानैपर्ने बाध्यता कवितामा चित्रण गरिएको छ । यसरी यो पात्रको मन परदेश र घरदेशमा विभाजित छ । यो मर्मान्त पीडालाई यहाँ सुन्दर ढङ्गले प्रस्तुत गरिएको छ ।

यसरी यो पात्रको मन विदेशी भूमि र नेपालमा बाँडिएको छ । उसलाई परिवारको सम्झनाले सताए पनि पराई भूमिमा श्रम गर्न विवश छ । डायस्पोराको पीडा यही हो । आफ्नो पुर्ख्यौली भूमि र परिवारलाई सम्झिँदै परदेशमा जीवन व्यतीत गर्न बाध्य डायस्पोराको विभाजित मानसिकता उद्धृतांशमा अभिव्यञ्जित भएको छ ।

**परादेशीय हुनुको रोमाञ्च र चिन्ता**

परादेशीय हुनुको रोमाञ्च र चिन्ता पनि डायस्पोराको एउटा विशेषता हो । डायस्पोरिक रचनाका पात्रहरू यस्तै रोमाञ्च र चिन्ताबाट गुज्रिरहेका हुन्छन् । समीक्ष्य कविता सङ्ग्रह *जब एउटा मान्छे हराउँछ*का केही कवितामा पनि परादेशीय हुनुको वा हुनुपर्ने रोमाञ्च र चिन्ता भोगिरहेका यस्तै पात्रको चित्रण गरिएको छ । एउटा कवितांश :

*उता देशको सम्झना आउँछ, भन्दै*
*सकी नसकी केहीले देश काँधमा उचाल्दै लगे*
*देशदेखि टाढा बाँच्नै असजिलो, भन्दै*
*केहीले देश आँखाभरि लुकाएर लगे* (पृ.५२)

प्रस्तुत कवितामा देश छाडेर परदेश जान विवश नेपाली नागरिकहरूको अवस्थालाई चित्रण गरिएको छ । उनीहरू स्वदेशभन्दा टाढा परदेशमा जीवन बिताउन सहज नहुने चिन्ताबाट पीडित छन् । 'विभिन्न देशहरूमा ओहोरदोहोर गरिरहने, फरक सांस्कृतिका बेहोर्ने, आफूलाई नयाँ स्थानमा अनुकूलन गर्ने मान्छेले रोमाञ्च अनुभूत गर्दछ तर त्यस क्रममा उसलाई चिन्ताले पनि छोप्तछ' (एटम, २०६७, पृ.३१-३२) । हेरौँ, अर्को कवितांश :

*जुधाउँछ दिनैभरि आँखा अल्लारे घाम*

*जिस्क्याइरहन्छ हावाहुरी*
*बैंसले कुनै बटुवालाई फकाउने रहर छ उसको*
*हाउभाउले कसैलाई लट्ठ्याउने चाहना छ*
*प्रेमिल अँगालोको पर्खाइमा*
*बाँचिरहेको बेहुली सपनाजस्तो मरुभूमि ।*
*सजिएको छ छातीभरि खजुरको हरियो बोट*
*सिउरिएको छ कानमा जवान सिउँडी*
*यो मरुभूमिसँगै*
*सामेल छ इच्छाहरूको लामो क्याराभानमा*
*एउटा मृगतृष्णा जीवन ।* (पृ.५४-५५)

प्रस्तुत कवितांशमा प्रयुक्त खजुरको बोट, मरुभूमि, सिउँडीजस्ता शब्दहरूले खाडी मुलुकतर्फ सङ्केत गर्छन् । कवितामा आफ्नो र परिवारको सुखद् भविष्यका लागि खाडी मुलुकमा बस्न बाध्य नेपाली नागरिकको रोमाञ्च र चिन्तालाई प्रस्तुत गरिएको छ । डायस्पोरिक पात्रहरूमा यो साझा विशेषता हो । उनीहरूको मनमा रोमाञ्च पनि हुन्छ भने अनिश्चित भविष्यको चिन्ता पनि हुन्छ ।

## निष्कर्ष

कवि चन्द्र गुरुङको पछिल्लो कविताकृति *जब एउटा मान्छे हराउँछ*मा सङ्कलित कविताहरूमा मानवीय जीवनका विविध पक्षहरूलाई विषय बनाएर लेखिएका कविताहरू सङ्कलित छन् । कृतिमा विछोड-मिलन, हर्ष-विस्मात्, खुसी-चिन्ता, जीवन-मृत्युसँगै प्रेमिल भावहरूलाई विषय बनाइएका कविताहरू छन् । प्रस्तुत कृतिमा सङ्कलित कविताहरूलाई तिनका विषयअनुसार जम्मा आठ खण्डमा बाँडिएको छ । पहिलो खण्ड 'गीत गाइरहन्छ जीवन' मा ८, दोस्रो खण्ड 'भोक र नपुङ्सक सरकार' मा ९, तेस्रो खण्ड 'चराहरूले छोडेर गएपछि' मा ५, चौथो खण्ड 'यादको झरी' मा ५, पाँचौ खण्ड 'अचेल हामी भेट हुँदा' मा ६, छैटौं खण्ड 'कवि र कविता' मा ४, सातौं खण्ड 'पानी नचल्ने मान्छे' मा ५ र आठौं खण्ड 'जब एउटा मान्छे हराउँछ' मा ७ गरी कृतिमा जम्मा ५० थान कविताहरू छन् । पाँचौं खण्डमा एउटा कविता दोहोरिएको छ ।

यस सङ्ग्रहमा डायस्पोरिक भाव भएका कविताहरू दुईवटा खण्डमा समेटिएका छन् । 'चराहरूले छोडेर गएपछि' र 'जब एउटा मान्छे हराउँछ' शीर्षकका खण्डमा डायस्पोरिक भावका कविताहरू छन् । डायस्पोरिक चेत भएका यी कविताहरूमा उनले पराई भूमिमा जान विवश नेपाली युवाको अवस्थालाई चित्रण गरेका छन् । मुटुभरि आफ्नो घरदेशको सम्झना टाँसेर उनीहरूले पराई भूमिमा बिताउने जीवन नै यी कवितामा विषय बनेर आएका छन् । डायस्पोरिक पात्रहरूमा देखिने अतीतमोह, विभाजित मानसिकता र परादेशीय हुनुको रोमाञ्च र चिन्तालाई आधार बनाएर उनले यी कविताहरूको सिर्जना गरेका छन् ।

## सन्दर्भसामग्री

एटम, नेत्र (२०६७). *नेपाली डायस्पोरा र अन्य समालोचना.* काठमाडौं : एकता बुक्स.

गुरुङ, चन्द्र (२०७९). *जब एउटा मान्छे हराउँछ.* काठमाडौं : इन्डिगो इन्क पब्लिकेशन प्रा.लि.

गौतम, कृष्ण (२०५०). *आधुनिक आलोचना : अनेक रूप अनेक पठन.* ललितपुर : साझा प्रकाशन.

--- (२०६४). *उत्तरआधुनिक जिज्ञासा.* काठमाडौँ : भृकुटी एकेडेमिक पब्लिकेसन्स.

तामाङ, फुर्पा (२०७९, पुस ३०). *एउटा कवि हराउँदा भेटिएको सुन्दर कविताकृति.* https:// www. onlinekhabar. com/ 2023/01/1247580 (हेरिएको २०७९/१२/२०).

पाखिन, सुदीप (२०७९, साउन ७). *जब एउटा मान्छे भेटिन्छ.* https://www.himalkhabar.com/news/131298 (हेरिएको २०७९/१२/१४).

भट्टराई, गोविन्दराज (२०७१). *उत्तरआधुनिक विमर्श* (दो.सं.). काठमाडौँ : ओरिएन्टल पब्लिकेसन.

--- (२०७६). डायस्पोरा साहित्यको सैद्धान्तिक स्वरूप. *रत्न बृहत् नेपाली समालोचना (सैद्धान्तिक खण्ड).* सुवेदी राजेन्द्र र लक्ष्मणप्रसाद गौतम (सम्पा.). काठमाडौँ : रत्न पुस्तक भण्डार.

लुइटेल, खगेन्द्र (सन् २००९, नोभेम्बर १३). *नेपाली साहित्यमा डायस्पोराको योगदान.* https://www. amakalinsahitya. com/sahitya/ details/1508 (हेरिएको २०७९/०७/०५).

विद्रोही, राजेश (२०७९). तेप्लायुमा डायस्पोरिक भावको अभिव्यक्ति, *ज्ञानज्योति* ३(१). अनुसन्धान व्यवस्थापन एकाइ. महेन्द्र बहुमुखी क्याम्पस. पृ. ११७-१२८.

श्रेष्ठ, हिमलाल (२०७९, पुस २२). *हराएको मान्छेको उडान.* https://nagariknews.nagariknetwork.com/arts/1045621-1672977074.html (हेरिएको २०७९/१२/१४).

सिलवाल, छविरमण (२०७९, असार ११). *मान्छे भेटिएको सूचना.* https://publickura.com/main-news/57359/ (हेरिएको २०७९/०७/०५).

सुवेदी, राजेन्द्र (२०७३). *सांस्कृतिक अध्ययन र नेपाली साहित्य.* काठमाडौँ : पाठ्यसामग्री पसल.